नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५


वर्ष ३३ अंक २७९ २०८१ साल जेठ ३१ गते बिहीबार (13 June 2024 Thursday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अठहत्तर प्रतिशत वडाको… ३ पृष्ठमा : अमेरिकी राष्ट्रपति बाइडेनका छोरा.. ४ पृष्ठमा : मधेस सरकारको नीति…

## जसपा नेपालको अध्यक्षमा उपेन्द्र यादव निर्विरोध निर्वाचित



**दैनिक समाचारदाता**
**जनकपुर, ३० जेठ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय अध्यक्षमा उपेन्द्र यादव निर्विरोध निर्वाचित भएका छन् ।

पार्टी स्थापनाकालदेखि नै नेतृत्व गर्दै आएका यादव अहिले जनकपुरमा भएको राष्ट्रिय महाधिवेशनबाट पुनः अध्यक्षमा चयन भएका हुन् ।

निर्वाचन प्रक्रियाअनुसार जसपा नेपालको नेतृत्व चयनका लागि उम्मेदवारी दर्ता भएको थियो । त्यसमा अध्यक्ष पदका लागि उपेन्द्र यादवको मात्र उम्मेदवारी परेपछि उनीँ निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

अध्यक्षबाहेकका पदमा नेताहरूको उम्मेदवारी परेको छ । मधेस प्रदेशको जनकपुरधामस्थित महेन्द्र नारायण निधि भवनमा जारी महाधिवेशनबाट दुई सय एक सदस्यीय केन्द्रीय समितिका लागि निर्वाचन भइरहेको निर्वाचन समितिले जनाएको छ ।

महाधिवेशनबाट दुई सय एक सदस्यीय केन्द्रीय कमिटी र २० सदस्यीय पदाधिकारी निर्वाचित हुनेछन् । त्यसमा अध्यक्ष एक, सहअध्यक्ष एक, उपाध्यक्ष पाँच, महासचिव दुई, उपमहासचिव तीन, सचिव सात र कोषाध्यक्ष एकजना चयन हुनेछन् ।

## आपराधिक गतिविधी नियन्त्रणमा सघाउ पुऱ्याउनु संचारकर्मीसँग अपेक्षा




**दैनिक समाचारदाता**
**राजविराज ३०, जेठ ।**

सप्तरीका प्रमुख जिल्ला अधिकरी मेखबहादुर मंग्रातीले तथ्यगत सूचना दिएर सम्भावित आपराधिक गतिविधी नियन्त्रणमा सघाउ पुऱ्याउनु संचारकर्मीसँग अपेक्षा राखेका छन् ।

पाँच दिन अघि मात्र पाँचथरबाट सरुवा भएर सप्तरी आईपुगका उनले बुधवार आफ्नो कार्यकक्षमा पत्रकारहरु संगको भेटघाट तथा परिचयात्मक कार्यक्रमको आयोजना गरी यस्तो अपेक्षा राखेका हुन् ।

राज्यको चौथो अंगका रुपमा रहेको संचारक्षेत्र र संचारकर्मीको निश्पक्ष तथा वस्तुगत रिर्पोटिङले प्रशासनलाई बल प्रदान गर्ने उनले बताउँदै शान्ति सुरक्षा व्यवस्थित र भरपर्दो बनाउन सबै पक्षको सहयोग र सुझाव समेत मागेका छन ।

प्रशासन र संचार क्षेत्रको कार्य जिम्मेवारी फरक भएपनि दुबैको उद्देश्य समाजमा शान्ति सुरक्षा तथा राष्ट्र र राष्ट्रवासीको कल्याणमा लाग्नु नै रहेको बताउँदै उनले आफु संचारकर्मीहरु संग सहकार्य गर्दै अघि बढने बताए ।

आफ्नो कार्यालय भित्र पनि विचौलियालाई निषेध तथा सेवालाई चुस्त दुरुस्त बनाउनुका साथै सप्तरीको जन प्रशासनलाई सुधार्न समेत आफुले हरदम प्रत्यत्न गर्ने उनले प्रतिबद्धता जनाएका छन् ।

सो अवसरमा प्रत्रकारहरुले जिल्लामा लागु औषध, खुला सीमानाका कारण हुने गरेको चोरी

***बाँकी अन्तिम पृष्ठमा***

## आगलागिले वडा सदस्यको घर खरानी



**दैनिक समाचारदाता**
**राजविराज ३०, जेठ ।**

राजविराज वडा नं. ६ का वडा सदस्य ६५ वर्षिया लिलादेवी सरबरियाको घरमा मंगलबार राती आगलागि भएको छ ।

आगलागिबाट फुस र टिनले बनेको उनको दुई वटा घर जलेर पूर्ण रुपमा खरानी भएको छ । राती ९ बजेतिर लागेको आगो राजविराज नगरपालिका र मधेश प्रदेश प्रहरी तालिम केन्द्रको बारुणयन्त्र, प्रहरी र स्थानीयवासीको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए । उनले आगलागिको कारण भने खुल्न नसकेको जनाएका छन् ।

आगलागिले धान, गहुँ, चामल, भाडाकुडा र फर्निचर सबै पूर्ण रुपमा जलेर नष्ट भई पाँच लाख भन्दा बढीको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

यता वडाअध्यक्ष शशी चौधरीले उक्त घटना शंकास्पद भएको बताएका छन् । खाना खाएर ढोका बन्द गरी सरबरिया केही समयका लागि छिमेकीको घरमा टिभि हेर्न गएको बेला अचानक आगलागि हुनु शंकास्पद छ, वडाअध्यक्ष चौधरीले भने, "यसको सुक्ष्म अनुसन्धान हुनुपर्छ ।"

अग्निपीडित बृद्धा सरबरिया पनि कसैले पुरानो रिसइबीका कारण आगजनी गरेको हुन सक्ने आशंका व्यक्त गर्दै सो बारे छानबिन गर्न माग गर्दै प्रहरीमा उजुरी दिएको बताएकी छिन् । प्रहरीले आगलागि घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ ।

## असारको दोश्रो सप्ताह भित्रै निर्वाचन गराउन प्रेस संगठनको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज ३०, जेठ ।**

समाजवादी प्रेस संगठन सप्तरीले असारको दोश्रो सप्ताहको समय नबढाउने गरी सोही समयमा निर्वाचन गराउन मितिसहित मतदाता नामावली सहितका निर्वाचन कार्यक्रम प्रकाशन गर्ने व्यवस्था गर्न नेपाल पत्रकार महासंघका सभापति विपुल पोखरेलसँग आग्रह गरेको छ ।

प्रेस संगठनका जिल्ला अध्यक्ष अनिल पोखरेलद्वारा बुधबार जारि विज्ञप्तिमा सप्तरी शाखाको आसन्न निर्वाचनमा शाखामा आबद्ध र क्रियाशील बिभिन्न संघ-संगठहरुसँग सहकार्य गर्न समाजवादी प्रेस संगठन, नेपाल, सप्तरी जिल्ला शाखा तयार रहेको र सहकार्य वार्ता र संवादबाटै अगाडि बढ्ने भएकोले वार्ता र सहकार्यको लागि पत्रकार महासंघ आबद्ध सबै संगठनलाई आह्वान गर्ने भएकोले सोही अनुरूप हार्दिक आग्रह गरेका छन् ।

यस्तै बदलिदो मधेश प्रदेशमा नयाँ सरकारको गठन भएसँगै मूख्यमन्त्रीको रुपमा सप्तरी

***बाँकी अन्तिम पृष्ठमा***

**चुरे संरक्षण करु**

उत्तरमें महाभारत पर्वत श्रृङ्खलास' दक्षिणमें नेपाल-भारत सीमा तक चुरे, भावर आ तराई भूमिके चुरे क्षेत्र कहल जाइत अइछ । "हिमालय पर्वत श्रृङ्खलास' बइहके आएल सामग्रीस' बनल सबस' छोट, कोमल आ कमजोर पर्वत श्रृङ्खला रहल क्षेत्र छियै । तराई-मधेश आ भीतरी तराई जिलाक पर्यावरण सन्तुलन बनेबामे एकर बहुत योगदान अइछ ।



चुरे विनासके मुख्य कारण अव्यवस्थित बस्ती, वन अतिक्रमण, जङ्गलमें आइग लगनाइँ, खुला चरण आ नदीजन्य सामग्रीके दोहन, अनियन्त्रित भौतिक संरचना निर्माण, माइटक कटान अइछ । चुरे विनासके मतलब तराई मधेशको मानव जीवन संकटमे परनाइँ छियै ।

चुरे क्षेत्रमे जलाशय निर्माण कइरके जलसञ्चय, वृक्षारोपण तथा नदी प्रणाली संरक्षण करनाइँ आवश्यक अइछ । चुरेके मरुभूमिकरण होयबास' बचाओल जाय ।

**'चुरेके माइट चुरेक, सफा पाइन सबके'**

मधेश प्रदेश सरकार
आमसञ्चार

## सम्पादकीय

# विकासीय कार्यको निगरानी र खबरदारी आवश्यक

अहिले साल तमामी अन्तरगत असारे कामहरु धमाधम भइरहेको छ । सानोदेखी लागेको बानी अझै छुट्न सकेको छैन् । प्रत्येक वर्ष असारमा काम गर्ने परिपाटी अझै पनि जारि छ । जनप्रतिनिधिहरुले पुरानै परिपाटीलाई पुनः निरन्तरता दिएका छन् । मुलुकको नयाँ संरचनासँगै केन्द्रका साथै प्रान्तिय र स्थानीय सरकारहरुले आ-आफ्ना क्षेत्रमा विकासको जिम्मा लिएका छन् । विकासको नामा अचेल भ्रष्टाचारले प्रश्रय पाउँदै गएको छ । फेरी भौतिक निर्माणका र अन्य विकासिय गतिविधिहरु आर्थिक वर्षको अन्त्यमा गर्ने परम्परा नैं बनी सकेको छ । बजेट फ्रिज हुने डरले वर्षको अन्त्य तिर गरिरहने यस्ता विकासले जनाको भलो गरिरहेको छैन भने भ्रष्टाचार मौलाइरहेको छ ।

विकासको क्रमलाई हेर्न हो भने अधिकार पालिकाहरुले भौतिक विकासलाई प्राथमिकतामा राखेको पाइन्छ । कसैले भौतिक विकासलाई वास्तविक विकास ठान्दछ भने कसैले मानवीय विकासलाई नै सर्वोपरी मान्दछ । कसैले भने सामाजिक न्यायको अवधारणामा आधारित विकासलाई नै विकास मानिरहेको हुन्छ । विकास निरन्तरको प्रक्रिया हो । सरकारले विकासको बाटोलाई अवलम्बन गरेको हुन्छ ।

यसरी विकासको एक पक्षलाई मात्र अंगीकार गर्ने हो भने मानवीय विकास र सामाजिक न्यायको विकास अवरुद्ध हुन जान्छ । जसले गर्दा कुनै पनि समाजको समग्र विकास हुन पाउँदैन । तसर्थ असारे विकासप्रति जनता चनाखो हुनु जरुरी छ । यसका लागि आमजनताले खबरदारी र निगरानी गर्नु उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अठहत्तर प्रतिशत वडाको मुख्य आम्दानीको स्रोत भूमि र मालपोत कर

काठमाडौँ, ३० जेठ (रासस) ।
राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को सामुदायिक प्रश्नावलीअन्तर्गतको नतिजा अनुसार अधिकांश वडाको आम्दानीको स्रोत भूमि र मालपोत कर देखिएको छ ।

देशभर कूल छ हजार सात सय ४३ वडा रहेकामा पाँच हजार दुई सय ९४ वडा अर्थात् ७८ दशमलव पाँच प्रतिशतको मुख्य राजस्वको स्रोत भूमि तथा मालपोत कर रहेको तथ्याङ्क कार्यालयले जनाएको छ । प्रमुख राजस्व स्रोतका रूपमा सेवा दस्तुर चार हजार छ सय ५८ वडा अर्थात् ६९ दशमलव एक प्रतिशत बराबर रहेको छ । सम्पत्ति कर तीन हजार छ सय आठ अर्थात् ५३ दशमलव पाँच, व्यवसाय कर तीन हजार पाँच सय ५६० वडा अर्थात् ५२ दशमलव आठ प्रतिशत रहेको देखिएको छ ।

घरबहाल कर दुई हजार दुई सय १५ वडा अर्थात् ३२ दशमलव आठ र घरजग्गा रजिस्ट्रेसन कर दुई हजार एक सय ६९ अर्थात् ३२ दशमलव दुई प्रतिशत रहेका छन् । दण्ड जरिवाना, सवारीसाधन, मनोरञ्जन र अन्य करसमेत रहेका छन् ।

तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार देशभरका दुई हजार नौ सय अर्थात् ४३ प्रतिशत वडामा गैरकृषि उत्पादन हुने गरेको देखिएको छ । गैरकृषि उत्पादन सबैभन्दा बढी हुने प्रदेशमा गण्डकी ५१ दशमलव आठ र बागमती ४६ दशमलव आठ प्रतिशत रहेको छ । वडाबाट हुने निकासीको अवस्था हेर्दा सबैभन्दा धैरै नदीजन्य वस्तुको निकासी हुने गरेको देखिन्छ । वडाबाट निकासी हुने वस्तुमा नदीजन्य उत्पादनले पहिलो स्थान अर्थात् ५२ दशमलव ७ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । वडाहरूले बढी निकासी गर्ने वस्तुमा दोस्रो, तेस्रो र चौथो स्थानमा क्रमशः औद्योगिक वस्तु १२, काठ-दाउरा ११ दशमलव आठ र माटो/ईँटा पाँच दशमलव छ प्रतिशत रहेका छन् ।

प्रदेश तहको तथ्याङ्क अनुसार सातवटै प्रदेशमा नदीजन्य उत्पादनले पहिलो स्थान लिएको छ । दोस्रो र तेस्रो स्थानमा भने प्रदेशअनुसार काठजन्य, औद्योगिक वस्तु, माटो/ईँट्टा, मसलाजन्य वस्तु र जडीबुटीले लिएको देखिन्छ ।

कार्यालयको प्रतिवेदनअनुसार देशभरका ३१ दशमलव सात प्रतिशत वडामा मात्र सार्वजनिक शौचालय सुविधा रहेको देखिएको छ भने बाँकी ६८ दशमलव तीन प्रतिशतमा सार्वजनिक शौचालय छैन ।

सबैभन्दा धेरै ४९ दशमलव पाँच प्रतिशत सार्वजनिक शौचालय गण्डकी प्रदेशमा पाइयो भने सबैभन्दा कम ३१ दशमलव एक प्रतिशत सुदूरपश्चिम प्रदेशमा रहेको देखिन्छ । स्थानीय सरकार र राज्यको खुला दिसामुक्त अभियानको प्रभावकारिता न्यून देखिँदा पर्याप्त सार्वजनिक शौचालय निर्माण हुन नसकेको देखिएको हो । बधशालालाई सहरी क्षेत्रको सरसफाइ र स्वास्थ्य सचेतनाका दृष्टिले महत्वपूर्ण पूर्वाधार मानिन्छ । देशभरका कूल वडामध्ये केवल नौ दशमलव एक प्रतिशतमा मात्र बधशाला रहेको छ । बधशालाको सङ्ख्या लुम्बिनी र बागमतीमा करिब १० प्रतिशत वडामा मात्र रहेको देखियो भने सुदूरपश्चिममा करिब ७ प्रतिशत वडामा मात्र रहेको देखियो । औसतमा नेपालका ९१ प्रतिशत वडामा बधशाला रहेको देखिएन ।

देशभरका छ हजार सात सय ४३ वडामध्ये प्रहरी कार्यालय चौकी दुई हजार चार सय ७५ वडा अर्थात् ३६ दशमलव सात प्रतिशतमा रहेको छ । कुनै पनि प्रहरी कार्यालय चौकी नभएका वडा ६३ दशमलव तीन प्रतिशत छन् । देशभरमा चार हजार दुई सय ६८ वडामा प्रहरी कार्यालय चौकी नभएको देखिन्छ ।

देशभरमा वृद्धाश्रमको सुविधा भएको वडाको सङ्ख्या चार सय ३७ अर्थात् छ दशमलव पाँच प्रतिशत छन् । देशभरमा कुनै पनि वृद्धाश्रमको सुविधा नभएका वडा छ हजार तीन सय छ अर्थात् ९३ दशमलव ५ प्रतिशत छन् । प्रदेशअनुसार सबैभन्दा बढी बागमती प्रदेशका नौ दशमलव नौ प्रतिशत अर्थात् एक सय ११ वडामा बृद्धाश्रमको सुविधा छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा पाँच दशमलव चार प्रतिशत अर्थात् ३९ वडामा वृद्धाश्रमको सुविधा रहेका छन् ।

देशभरमा बालगृहको सुविधा भएको जम्मा वडा चार सय ३१ अर्थात् ६४ प्रतिशत छन् । देशभर कुनै पनि बालगृहको सुविधा नभएका वडाको सङ्ख्या छ हजार तीन सय १२ अर्थात् ९३ दशमलव छ प्रतिशत छन् । व्यवस्थित शवदाहस्थल/शव गाड्ने स्थलको सुविधा भएको वडा देशभरमा एक हजार सात सय ९० वडा अर्थात् २६ दशमलव पाँच प्रतिशत छन् । प्रदेशमा सबैभन्दा बढी गण्डकी प्रदेशमा ३५ दशमलव तीन प्रतिशत वडामा र कम सुदूरपश्चिम प्रदेशमा १२ दशमलव एक प्रतिशत वडामा व्यवस्थितस्थल शव गाड्नेस्थलको सुविधा रहेको छ ।

कुनै पनि व्यवस्थित शवदाहस्थल शव गाड्ने स्थलको सुविधा नभएका वडा ७३ दशमलव पाँच प्रतिशत छन् । जनगणनामा सङ्कलन गरिएको विवरणअनुसार वडाका स्वास्थ्य संस्थामा उपलब्ध विभिन्न सुविधामध्ये सबैभन्दा बढी खोप सेवा ९५ दशमलव दुई प्रतिशत अर्थात् छ हजार चार सय १८ वडामा रहेको छ ।

सबैभन्दा कम सर्पदंश उपचार सेवा १२ प्रतिशत अर्थात् आठ सय नौ वडामा मात्र उपलब्ध छ । नेपालमा १७ हजार पाँच सय ९३ टोल बस्ती तथा गाउँ रहेको देखिएको छ । वडाको केन्द्रबाट सबैभन्दा टाढाको गाउँबस्तीसम्म पुग्नको लागि प्रयोग गरिने सवारी साधनमध्ये सवारी साधन र पैदल दुवै प्रयोग हुने देशभरिका वडा चार हजार आठ सय ६४ अर्थात् ७२ दशमलव एक प्रतिशत रहेका छन् । सवारीसाधन मात्रै प्रयोग गरिने वडा तीन दशमलव २७ प्रतिशत रहेका छन् । सवारीसाधन प्रयोग नहुने वडाको सङ्ख्या एक हजार छ सय ६१ अर्थात् २४ दशमलव छ प्रतिशत रहेका छन् ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा राष्ट्रिय योजना आयोगका सचिव तोयनारायण ज्ञवालीले यो तथ्याङ्कलाई सरकारको नीति तथा कार्यक्रम र बजेटमा जोड्ने र त्यसमा राष्ट्रिय योजना आयोगकोसमेत भूमिका रहने बताउनुभयो । "यो तथ्याङ्कले विकासका लागि क्षेत्रगत प्राथमिकता

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

### अमेरिकी राष्ट्रपति बाइडेनका छोरा दोषी ठहर

विल्मिङटन (संयुक्त राज्य अमेरिका), ३० जेठ (रासस/एएफपी) ।
अमेरिकी न्यायालयले राष्ट्रपति जो बाइडेनका छोरा हन्टर बाइडेनलाई आपराधिक अभियोजनमा सङ्घीय बन्दुकको अभियोगमा दोषी ठहर गरेको छ । यो अमेरिकी इतिहासमा बहालवाला राष्ट्रपतिको सन्तान आपराधिक अभियोगमा दोषी ठहर भएको पहिलो घटना हो ।

राष्ट्रपति जो बाइडेनका ५४ वर्षीय छोरालाई लागु औषधको नशामा सन् २०१८ मा हाते बन्दुक खरिद गरेको आरोपपछि लागेका तीनवटै अभियोगमा दोषी ठहर गरिएको हो ।

हन्टर बाइडेनका बुबाले पुनः अमेरिकी राष्ट्रपतिको निर्वाचनमा प्रतिस्पर्धा गर्न खोज्दै गर्दा र वासिङ्टनमा बन्दुक हिंसाको बारेमा भाषण दिने तयारी गरिरहेका समय यो निर्णय आएको हो ।

बाइडेनको गृहनगर विल्मिङगटन, डेलावेयरमा भएको परीक्षण समापनपछि ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा राष्ट्रपतिले आफ्नो छोराप्रति 'प्रेम र समर्थन' व्यक्त गर्नुभएको छ ।

राष्ट्रपति बाइडेनले भन्नुभयो, "म राष्ट्रपति मात्र नभएर बुबा पनि हुँ । 'जिल र म हाम्रो छोरालाई माया गर्छौं, र हामी आजको उनीमाथि निकै गर्व गर्छौं ।"

उहाँले भन्नुभयो, "आफ्ना प्रियजनहरू कुलतमा फसेपछि सङ्घर्ष गरिरहेका धेरै परिवारले यसबाट बाहिर निस्केका व्यक्तिहरूको भावनालाई बुझ्छन् यसप्रति गर्भ गर्छन् ।"

यस मुद्दाको नतिजा स्वीकारर्ने बताउदै हन्टरले अपिलपछिको न्यायिक प्रक्रियालाई सम्मान गर्ने बाइडेनले बताउनुभयो ।

बाह्र सदस्यीय न्यायीशको टोलीले फैसलामा पुग्नुअघि दुई दिनसम्म करिब तीन घण्टाको सुनुवाई गरेको थियो ।

अमेरिकामा बन्दुक किन्ने क्रममा झुटो बयान दिएमा दश वर्षसम्म, लागुऔषध दुर्व्यसनमा परेका व्यक्तिले अवैध रूपमा बन्दुक राखेमा दश वर्षसम्म र बन्दुक खरिद गर्दा सङ्घीय इजाजतपत्र प्राप्त बन्दुक डिलरलाई गलत जानकारी उपलब्ध गराउनेलाई पाँच वर्षसम्म जेल सजाय हुन्छ ।

यदि हन्टर बाइडेनलाई यी तीनवटा आरोपमा अधिकतम सजाय दिइयो भने उनले २५ वर्षसम्मको जेल सजाय भोग्न सक्छन् तर २५ वर्षसम्म जेल सजाय भोग्ने सम्भावना भए पनि पहिलो पटकको अपराधीका रूपमा हन्टरलाई जेल सजाय नहुन सक्छ ।

नोभेम्बरको राष्ट्रपति चुनावमा जो बाइडेनका सम्भावित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पको व्यापार अपचलनको आरोपमा दोषी ठहर भएको दुई हप्ताभन्दा कम समयमा यस्तो फैसला आएको हो ।

हन्टरको सजायँले क्यालिफोर्नियामा कर चोरीको आरोपको अर्को मुद्दाको कार्यवाहीमा अपराधमा दोषी ठहरिएका पूर्वराष्ट्रपति ट्रम्पमाथि चुनावी ध्यान केन्द्रित गर्ने डेमोक्र्याटहरूको प्रयासलाई जटिल बनाएको छ ।

हन्टरका भाइ ब्युको सन् २०१५ मा क्यान्सरबाट मृत्यु भएको थियो । उनकी बहिनी नाओमीको सन् १९७२ को कार दुर्घटनामा मृत्यु भएको थियो भने यसै घटनामा जो बाइडेनकी पहिलो पत्नी निलियाको पनि मृत्यु भएको थियो ।

येलमा प्रशिक्षित वकिल र लोबिस्टबाट कलाकार बनेका उनीमाथि सन् २०१८ मा ३८ क्यालिवर रिभल्भर खरिद गर्दा अवैध रूपमा लागुऔषध प्रयोग नगरेको भन्दै झुटो बयान दिएको आरोप लगाइएको थियो ।

उनीमाथि अवैधरूपमा बन्दुक राखेको आरोप पनि लगाइएको थियो, जुन उनीसँग त्यस वर्षको अक्टोबरमा मात्र ११ दिनका लागि थियो ।

राष्ट्रपतिको छोराले लतको बारेमा निस्वार्थ रूपमा लेखी रिभल्भर किनेको समयमा आफू लतमा नभएको भन्दै आरोपको खण्डन गर्दै आउनुभएको छ ।

उनी लामो समयदेखि कट्टर-दक्षिणपन्थी रिपब्लिकनहरूको निशाना बनेका छन्, भने ट्रम्पका सहयोगीले भ्रष्टाचार र प्रभाव-हेरफेरको आरोपमा काङ्ग्रेसमा उनको लामो अनुसन्धान गरेका छन् ।

### भारतमा 'मानवमा बर्ड फ्लू' को संक्रमण पुष्टि

कलकत्ता (भारत), ३० जेठ (रासस/एएनआई) ।
पश्चिम बङ्गालमा चार वर्षीय बच्चामा एच-९ एन-२ भाइरस पत्ता लागेपछि विश्व स्वास्थ्य सङ्गठनले भारतमा बर्ड फ्लूको मानव सङ्क्रमण पुष्टि गरेको छ ।

भारतबाट डब्ल्यूएचओलाई अधिसूचित एभियन इन्फ्लुएन्जा ए (एच-९ एन-२) को यो दोस्रो मानव सङ्क्रमण हो । पहिलो सन् २०१९मा पुष्टि गरिएको थियो । सङ्क्रमित बच्चा भने निको भई अस्पतालबाट डिस्चार्ज गरिएको छ ।

पश्चिम बङ्गालमा एभियन इन्फ्लुएन्जा भाइरसको मानव सङ्क्रमणसम्बन्धी खबर डब्ल्यूएचओका भारतका लागि अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन अधिकारीबाट अधिसूचना प्राप्त गरेको डब्ल्यूएचओले प्रेस विज्ञप्तिमा जनाएको छ ।

श्वासप्रश्वासमा गम्भीर समस्या, बारम्बार उच्च ज्वरो र पेटमा ऐंठनका कारण बिरामीलाई स्थानीय अस्पतालको बाल स्याहार एकाइ (आईसीयू) मा भर्ना गरी उपचार सुरू गरिएको थियो ।

उनलाई फेब्रुअरी २८ मा अस्पतालबाट डिस्चार्ज गरिएको थियो तर श्वासप्रश्वासको गम्भीर कष्टको पुनरावृत्तिपछि उनलाई अर्को सरकारी अस्पतालको बाल आईसीयूमा भर्ना गरिएको थियो भने मार्च ३ मा उनलाई ट्युब राखेर औषधि दिने काम गरिएको थियो ।

बिरामीको रगत तथा खकारको नमूनालाई कोलकाता भाइरस रिसर्च एन्ड डायग्नोस्टिक प्रयोगशालामा पठाइएको र त्यहाँको परीक्षणबाट उनलाई एच-९ एन-२ सङ्क्रमण पुष्टि भएको हो । बिरामीलाई मे १ मा अक्सिजन सहयोगसहित अस्पतालबाट डिस्चार्ज गरिएको छ ।

डब्ल्यूएचओले सङ्क्रमित बिरामी घर र वरपरको कुखुराको सम्पर्कमा आएको हुनसक्ने जनाएको छ । यद्यपि, यस सङ्क्रमणसँग सम्बन्धित परिवार, छिमेकमा वा वा स्वास्थ्यकर्मीमा श्वासप्रश्वासको रोगको लक्षणका ज्ञात व्यक्तिहरू नभेटिएको उल्लेख गरिएको छ ।

विश्वव्यापी मार्ग निर्देशन अनुरूप मानव र पशु दुवै क्षेत्रमा प्राविधिक सल्लाह, जोखिम मूल्याङ्कन र आकस्मिक योजना अद्यावधिक गरेर भारत सरकारलाई निरन्तर सहयोग प्रदान गरिरहेको डब्ल्यूएचओले जनाएको छ ।

# जन ज्योती कृषि सहकारी संस्था लि.

राजबिराज ९, मलेठ, सप्तरी

## घर जग्गा लिलामीको १५ दिने सार्वजनिक सुचना

मिति : २०८१/२/३१

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले अचल सम्पती धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको नियमित रुपमा संस्थालाई बुझाउनु पर्ने साँवा व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सुचना तागेता पत्र निजलाई बुझाउदा समेत बुझाउनु पर्ने कर्जाको सावाँ व्याज हर्जना तथा अन्य दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संस्थालाई ऋण सुरक्षण वापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्री सम्बन्धी १५ दिने सुचना प्रकाशित गरिएको छ। अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन बोलपत्र खरिद गरि लिन इच्छुक संघ संस्था, फर्म कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले कबुल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पती यस संस्था आफैले साकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पती लिलाम बिक्री गर्दा संस्था आफैले सकार गर्दा साबिकमा संस्थावाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन। साथै सुरक्षण रहेको सम्पुर्ण धितो लिलाम बिक्रीवाट पनि यस संस्थाको सम्पुर्ण ऋण रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतीवाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई सहकारी ऐन नियम तथा वित्तिय संस्था सम्बन्धी ऐन बमोजिम कालो सुची समावेश गरिने व्यहोरा यसै सुचनाद्वारा सुचित गराईन्छ।

तपसील

| क्र.सं | ऋणीको विवरण | धितो विवरण |
|---|---|---|
| १. | नाम : कृष्ण कुमार यादव<br>बाबु : राम नारायण यादव/बाजे : झवर यादव<br>ना.प्र. न. १६।३५५३/जारी मिति : ०५।३०५।०३<br>ठेगाना : साविक बरहीबिरपुर ५ हाल छिन्नमस्ता गा.पा. १ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा सुमित्रा देवी यादवको नाउमा दर्ता कायम रहेको कि. न. १३७१ को कुल क्षेत्रफल ०-२-० भएको जग्गा। |
| २. | नाम : दिपक कुमार चौधरी<br>बाबु : चन्द्र नारायण चौधरी/बाजे : झवर लाल चौधरी<br>ना.प्र.न. : १६३०९५।११२/जारी मिति : २०६३।११।२३ सप्तरी<br>ठेगाना : साबिक कुशहा ५ हाल : सुरुङ्गा न.पा. ५ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा दिपक कुमार चौधरीको नाउमा दर्ता कायम रहेको कि.न. ८३६ हरिपुर १क ०-३-०, कि.न.८३५ हरिपुर १क ०-२-०, कि.न.५४० हरिपुर१क ०-२-०, कि.न. ६३१ टिकुलिया २का ०-३-८-०, कि.न. ३२४ टिकुलया ३क ०-०-१०-०,कि.न.३५७ टिकुलिया ३क ०-२-०-०, कि.न. १४ टिकुलिया ३क ०-३-१.५-० भएको जग्गा। |
| ३. | नाम : चन्दा देवी झा<br>पति : बैजु झा/ससुरा : अनिरुद्ध झा<br>ना.प्र.न. ७६०८।६३४२/जारी मिति २०४५।०२।१३ सप्तरी<br>ठेगाना राजबिराज १ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा चन्दा देवी झाको नाममा दर्ता कायम रहेको कि.नं १४ चनौरा पडरिया १ख क्षेत्रफल ०-३-१-०, कि.नं. ५५७ चनौरा पडरिया १ख क्षेत्रफल ०-३-११-० भएको जग्गा। |
| ४ | नाम : चन्देश्वरी देवी यादव<br>पति : प्रमेश्वर यादव/ससुरा : रामेश्वर यादव<br>ना.प्र.न. ६१५८/जारी मिति २०५९।०२।१४ सप्तरी<br>ठेगाना : साबिक पकरी ३ हाल : महदेवा गा.पा. १ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा चन्देश्वरी देवी यादवको नाममा दर्ता कायम रहेको कि.नं ७११ अगाडी ३क क्षेत्रफल ०-२-२.५-० भएको जग्गा। |
| ५ | नाम : अनारबति देबी नौनियाँ<br>पति : बुधेश्वर नौनियाँ/ससुरा : भिषन नौनियाँ<br>ना.प्र.न. १६१०५६५७/जारी मिति २०६४।६।७ सप्तरी<br>ठेगाना : साबिक मलेठ १ हाल : राजबिराज गा.पा. ९ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा अनारवति देवी नौनियाको नाममा दर्ता कायम रहेको कि.नं ६४८ मलेठ १ क्षेत्रफल ०-०-१०-० भएको जग्गा। |
| ६ | नाम : उर्मिला देबी महतो<br>पति : शत्रुघन महतो/ससुरा : सुखद नौनियाँ<br>ना.प्र.न.१६-०१-६९-०४५८७/जारी मिति २०६९।१२।०१सप्तरी<br>ठेगाना : साबिक मलेठ १ हाल : राजबिराज गा.पा. ९ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा उर्मिला देवी महतोको नाममा दर्ता कायम रहेको कि.नं १५५० मलेठ १ क्षेत्रफल ०-३-४-० भएको जग्गा। |
| ७ | नाम : अमेरिका देवी साह<br>पति : अमर लाल साह/ससुरा : बिशेश्वर साह<br>ना.प्र.न.२८०३/जारी मिति २०५८।११।१९सप्तरी<br>ठेगाना : साबिक अर्नहा ७ हाल : शम्भु नाथ न.पा. १२ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा उर्मिला अमेरिका देवी साहको नाममा दर्ता कायम रहेको कि.नं ३०१, ८४ अर्नाहा ७ख क्षेत्रफल ०-०-४.५-०, ०-०-८-० भएको जग्गा। |
| ८ | नाम : देव कुमार चौधरी<br>बुवा : रामनाथ चौधरी/बाजे : बैदीलाल चौधरी<br>ना.प्र.न.१६३०६१।२७/जारी मिति २०६३।११।१५सप्तरी<br>ठेगाना : साबिक रायपुर ८ हाल : रुपनी गा.पा. १ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा आवा कुमारी चौधरीको नाममा दर्ता कायम रहेको कि.नं ७६० खोक्सर प्रवाहा ३क क्षेत्रफल ०-०-५-० भएको जग्गा। |
| ९ | नाम : समिमा खातुन<br>पति : रफिक मियाँ/ससुरा : अब्दुल जवाहर मियाँ<br>ना.प्र.न.१६१०८३।७४/जारी मिति २०६३५।०९।०७ सप्तरी<br>ठेगाना : साबिक रामपुरजमुवा ३ हाल शम्भुनाथ न.पा. १० | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा समिमा खातुनको नाममा दर्ता कायम रहेको कि.नं ६४७ लहान बजार ४क क्षेत्रफल ०-०-१४-० भएको जग्गा। |
| १० | नाम : मासुल मियाँ<br>बुवा : भोलाइ मियाँ/बाजे : सुनर मियाँ<br>ना.प्र.न.०२२०४४१२/जारी मिति २०४५।०२।१३सप्तरी<br>ठेगाना : साबिक अर्नाहा ९ हाल :शम्भुनाथ गा.पा. १२ | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा मासुल मियाँको नाममा दर्ता कायम रहेको कि.नं ७१२ अर्नाहा ९क क्षेत्रफल ०-०-१७-० भएको जग्गा। |

**धितो लिलाम बिक्रको शर्त तथा बन्देजहरु :**

१. बोल पत्र फारम यस संस्थाको कार्यालय राजबिराजवाट रु ५००। (अक्षरेपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
२. बोल पत्र फारममा आफुले बालकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पतीको विवरण यस संस्थावाट प्रकाशित सुचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पतीको स्पष्ट विवरण उल्लेख गरी सोको मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १०% प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक राजबिराज स्थित यस संस्थाको खाता न.०३४ ३३०००१०१ मा जम्मा गरेको सक्कल भौचर साथ पेश गर्नुपर्ने छ।
४. लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै संस्थाको कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिणाममा सविकार गरी लिनु पर्ने छ।
५. बोलपत्र सविकृत भएको सुचना पाएको १५ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पती आफनो नाउमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिस्टेशन गर्ने कार्यालयमा लाग्ने सरकारी दस्तुर, पुजिकर लाभकर लगायत अन्य सम्पुर्ण दस्तुर घर। जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोंनु पर्नेछ।
६. बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन।साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नरागेसम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुने छ।
८. बोलबत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी सम्पुर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ।
९. बोल पत्र सदर बदर हुनु अगावै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोल पत्रहरु रद्द गरि धरोटी फिर्ता दिन सक्ने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाइने छैन।
१०. लिलाम सुचना प्रकाशित मितिले १५ दिन भित्र बोल पत्र पेश गर्न सकिने छ। उक्त ऋण बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ। लिलाम सुचना प्रकाशित मिति ले १६ औं दिनको ३ बजे संस्थाको कार्यालयमा बोलपत्र खोलिने छ। यदि १६ औं दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ। १५ दिन सम्म ऋणी वा धितोबलाले संस्थाको ऋण चुक्ता गरी धितो फुकुवा ले जान सकिने छ।
११. प्राप्त भएका बोलपत्र हरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधीहरुको रोहबरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निज को प्रतिनिधि बोलपत्र खोलिने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
१२. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

**लिलाम हुने मिती : २०८१।०३।१६ आइतबार**
**स्थान : जनज्योति कृषि सहकारी संस्था लिं राजबिराज ९, मलेठ**
**समय : बिहान ११:०० बजे**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजबिराज ९, मलेठ, सप्तरी**

# मधेस सरकारको नीति तथा कार्यक्रम प्रस्तुत

**दैनिक समाचारदाता**
**जनकपुर, ३० जेठ ।**

मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रदेशसभा बैठकमा प्रस्तुत भएको छ ।

संविधानको धारा १८४ को उपधारा २ बमोजिम सरकारका तर्फबाट मधेस प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नीति तथा कार्यक्रम प्रस्तुत गरेकी हुन् ।

प्रस्तुत नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, रोजगार, खेलकुद, भौतिक पूर्वाधार, वन वातावरण, सुशासनलाई उच्च प्राथमिकतामा दिइएको छ । नीति तथा कार्यक्रममा मधेसका एक सय ३६ पालिकालाई लक्षित गरी नमूना कृषि विकास समूह सहकारी वा कृषि साझेदारीमा एक पालिका एक कृषि उत्कृष्टता केन्द्र तयार गर्ने उल्लेख छ ।

मधेसका प्रत्येक जिल्लामा नमूनाको रुपमा एक/एक वटा खुला शैक्षिक उद्यान तयार गर्ने, मधेस प्रदेशको तथ्याङ्कलाई भरपर्दो र विश्वासिलो बनाउन आफ्नै डिजिटल तथ्याङ्क बैंक स्थापना गर्ने विषय नीति तथा कार्यक्रममा समेटिएको छ ।

पत्रकारिता क्षेत्रको विकास तथा पत्रकारहरूको क्षमता अभिवृद्धि तथा वैदेशिक लगानी भित्र्याउने हेतुले मधेस लगानी सम्मेलन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । प्रदेशमा सुशासन कायम गर्दै विकास खर्च बढाउने विषयमा जोड दिइएको छ ।

### *असारको दोश्रो ...*

जिल्लाका युवा राजनीतिज्ञ सतिश कुमार सिंह समेत पाँच जना मधेश प्रदेश सरकारको मन्त्री परिषदमा सहभागी भएका सम्पूर्ण मन्त्रीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

सोही विज्ञप्तिमा समाजवादी प्रेस संगठन, नेपाल, सप्तरी जिल्ला शाखाका सदस्य र नेपाल पत्रकार महासंघ, सप्तरी शाखाका पूर्व अध्यक्ष प्रकाश खतिवडा र प्रेस सेन्टर सप्तरीका सदस्य देवराम यादवलाई नेपाल पत्रकार महासंघ को २७औं अधिवेशनबाट "प्रेस स्वतन्त्रता सेनानी" घोषणा गरिएकोले दुवै अग्रज पत्रकारहरूलाई हार्दिक बधाई र शुभकामना व्यक्त गरिएको छ ।

### *अठहत्तर प्रतिशत ...*

निर्धारणमा सघाउनेछ । दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि सन्दर्भ सामग्रीका रूपमा काम गर्ने र सेवा प्रवाहमा सघाउने अपेक्षा गरेका छौं", उहाँले भन्नुभयो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेलले विकास पूर्वाधार बनाउँदा कुन वडालाई प्राथमिकतामा राख्ने र सम्बन्धित वडामा कस्तो खालको पूर्वाधारको आवश्यकता छ भनेर बुझ्न यो तथ्याङ्कले सहयोग पुर्‍याउने बताउनुभयो ।

### *आपराधिक गतिविधी ...*

तस्करी, अस्तव्यस्त ट्राफिक तथा विभिन्न पालिकाले मागेको सूचना समयमै दिन आलटाल गर्ने गरीएको लगायतका समस्यातर्फ ध्यानाकर्षण गराउँदै यसका लागी आवश्यक पहल गर्न प्रजिअ मंग्रातीलाई सुझाएका थिए ।

# 'क्यान'भित्रको अनियमितता छानबिन गर्न माग

काठमाडौँ, ३० जेठ (रासस) ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा नेपाल क्रिकेट सङ्घ (क्यान) भित्र अनियमितता भएको दाबी गर्दै त्यसको छानबिन गर्न माग गरिएको छ ।

बैठकको आकस्मिक समयमा नेकपा (एमाले) का सांसद भीमप्रसाद आचार्यले संयुक्त राज्य अमेरिका र वेस्ट इन्डिजमा संयुक्तरूपमा भइरहेको आइसिसी पुरुष टी-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगीतामा क्यानले सन्दिप लामिछानेलाई १५ सदस्यीय टोलीमा समावेश नगरेको, राम्रो खेलाडीलाई हटाएर टोलीलाई हराउन लागेको र अमेरिकामा उठाएको चन्दा क्यानले आफ्नो खातामा नराखी दुरुपयोग गरेको विषय बाहिर आएको उल्लेख गर्नुभयो ।

सांसद आचार्यले ब्याट र नेपालको जर्सीमा रकम हिनामिना भएको, नेपालीले प्राप्त गरेको चार सय टिकट र २० 'भिआइपी पास' पनि अवैध रूपमा बिक्री गरेकोलगायत विषयमा गुनासो आएकाले यस विषयमा सरकारले तत्काल छानबिन गर्नुपर्ने माग गर्नुभयो ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
तिरहुत कार्यपालिकाको कार्यालय, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*